# बैठक नं. ८ (आठ)

साविकको सरकारी मुद्दा सम्बन्धी नियमावली, २०५५ को नियम २२ बमोजिम समन्वय समितिले मिति २०७३।०९।०४ मा गठन गरी उक्त व्यवस्था हाल मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १९४ ले गरी सो दफाले व्यवस्था गरेको समन्वय समितिले मिति २०७५।०५।०६ मा पुनर्गठन गरेको यस उच्च सरकारी वकील कार्यालय तहको समन्वय समितिको आज मिति २०७९।३।२० गते सोमबार, उच्च सरकारी वकील कार्यालय, सुर्खेतमा देहायको उपस्थितिमा बैठक बसी देहाय बमोजिम निर्णय गरियो ।

उपस्थितिः

श्री ज्ञानप्रसाद भुसाल, सहन्यायाधिवक्ता, उच्च सरकारी वकील कार्यालय, सुर्खेत :संयोजक

श्री खगेन्द्रप्रसाद रिजाल, प्रमुख जिल्ला अधिकारी, जिल्ला प्रशासन कार्यालय, सुर्खेत :सदस्य

श्री रामप्रसाद घर्ती मगर, निमित्त कार्यालय प्रमुख (प्रहरी नायब उपरीक्षक), संघीय प्रहरी इकाई कार्यालय, सुर्खेत, :सदस्य

श्री नगेन्द्र लम्साल, उपन्यायाधिवक्ता, उच्च सरकारी वकील कार्यालय, सुर्खेत : सदस्य सचिव

आमन्त्रितः

श्री हिराबहादुर पाण्डे, निमित्त कार्यालय प्रमुख (प्रहरी उपरीक्षक), कर्णाली प्रदेश प्रहरी कार्यालय, सुर्खेत

श्री डा सान्तम भट्टराई, मेडिकल अधिकृत आठौं, प्रदेश अस्पताल, सुर्खेत

श्री नविनकुमार भट्ट, जिल्ला न्यायाधिक्ता, जिल्ला सरकारी वकील कार्यालय, सुर्खेत

प्रस्तावहरु

१) सवारी ज्यान मुद्दाको अनुसन्धान सम्वन्धमा।

२) हिरासत कक्षमा भेटघाट तथा हेल्प डेस्कको प्रवन्ध गर्ने सम्वन्धमा ।

३) फरेन्सिक विज्ञको व्यवस्था गर्ने सम्वन्धमा।

४) भवितव्य प्रकृतिका मुद्दामा मृत्युको कारण खुलाउने सम्वन्धमा।

५) अन्तरिम राहतको दावी लिने सम्वन्धमा ।

६) पीडित प्रभाव प्रतिवेदन पेश गर्ने सम्वन्धमा ।

२०७९।३।२०

सह-न्यायाधिवक्ता

निर्णयहरू:

१) प्रस्ताव नं १ का सम्बन्धमा छलफल गर्दा प्रहरीबाट अनुसन्धान गरिने सवारी ज्यान मुद्दामा तयार गरिने सडक दुर्घटना प्रतिवेदन र दुर्घटनामा परेको सवारी साधनको मेकानिकल चेकजाँच प्रतिवेदनहरू उच्च सरकारी वकील कार्यालय, सुर्खेत अन्तर्गतका मातहत कार्यालयहरूबाट प्राप्त मिसिलहरूमा एकरूपता रहेको पाइएन। प्रहरी प्रधान कार्यालय, ट्राफिक निर्देशनालयबाट तोकिएको ढाँचामा सवारी दुर्घटना प्रतिवेदन तयार गरी मिसिलमा समावेश गरी एकरूपता कायम गर्ने सम्बन्धमा कर्णाली प्रदेश प्रहरी कार्यालय, सुर्खेत र संघीय प्रहरी ईकाई कार्यालय, सुर्खेतले मातहत प्रहरी कार्यालयहरूमा लेखी पठाउने।

साथै सवारी दुर्घटना प्रतिवेदन आवश्यक परिमार्जन गर्ने र सवारी साधनको मेकानिकल चेकजाँच प्रतिवेदनको निश्चित ढाँचा तोकिएको नदेखिँदा सो अनुसारको ढाँचा तयार गरी परिमार्जित सवारी दुर्घटना प्रतिवेदन र दुर्घटनामा परेको सवारीको मेकानिकल चेक जाँच प्रतिवेदन सवारी तथा यातायात व्यवस्था नियमावली, २०५४ को अनुसूचीमा समावेश गर्न उपयुक्त हुने देखिँदा सो अनुसार गराउने व्यवस्थाका लागि समन्वय समितिको सचिवालय महान्यायाधिवक्ताको कार्यालयमा र प्रहरी प्रधान कार्यालयमा अनुरोध गर्ने।

२) प्रस्ताव नं २ का सम्बन्धमा छलफल गर्दा जिल्ला प्रहरी कार्यालय सुर्खेत, दैलेख, जाजरकोट, सल्यान र रुकुम पश्चिममा हिरासत कक्षमा छुट्टै र व्यवस्थित भेटघाट कक्ष तथा हेल्पडेस्क व्यवस्थापन गरेको पाइएन। शंकितलाई भेटघाट गर्न आउने आफन्त र कानून व्यवसायीहरूलाई भेटघाटको सहज प्रबन्ध गर्न तथा आवश्यक सुरक्षाको प्रबन्धका लागि समेत छुट्टै भेटघाट तथा हेल्प डेस्क राखी भेटघाटको अभिलेख समेत राख्न आवश्यक देखिएकाले उल्लिखित जिल्लामा रहेका हिरासत कक्षहरुमा छुट्टै भेटघाट तथा हेल्प डेस्क राखी सो को अभिलेख राख्ने व्यवस्था मिलाउन लेखी पठाउने ।

३) प्रस्ताव नं ३ का सम्बन्धमा छलफल गर्दा शव परीक्षण लगायतका विधि विज्ञानसँग सम्वन्धित सरकारवादी फौजदारी मुद्दामा संकलित नमूनाहरुको परीक्षण गरी सो प्रतिवेदन समयमै मिसिल समावेश गर्नु पर्ने हुन्छ। प्रदेश अस्पताल सुर्खेतमा फरेन्सिक विज्ञको व्यवस्था नभएको र यस प्रदेशमा विधि विज्ञान प्रयोगशाला समेत नभएको हुँदा यसबाट मुद्दाको प्रभावकारी र समयमै अनुसन्धान गर्ने कार्यमा असर पर्न गएको हुँदा फरेन्सिक विज्ञ (Forensic Expert) र विधि विज्ञान प्रयोगशालाको आवश्यक व्यवस्था हुन कर्णाली प्रदेश सरकारको सामाजिक विकास मन्त्रालय र समन्वय समितिको सचिवालय महान्यायाधिवक्ताको कार्यालयमा अनुरोध गर्ने।

४) प्रस्ताव नं ४ का सम्बन्धमा छलफल गर्दा भवितव्य प्रकृतिका मुद्दामा शव परीक्षण हुँदा कुनै मुद्दाहरुमा undetermined उल्लेख भएको पाइन्छ। साथै भिसेरा रिपोर्ट पछि थप्न भन्न

सकिने भन्ने समेत उल्लेख भएको पाइन्छ। तर भिसेरा प्रतिवेदन प्राप्त भएपछि सम्वन्धित चिकित्सककोमा पेश गरी मृत्युको कारण खुलाइएको पाइएन। यसले गर्दा मानिसको मृत्युको कारण (Cause of Death) यही हो भन्ने देखिदैन। तसर्थ भिसेरा रिपोर्ट तथा अन्य प्रतिवेदन प्राप्त भए पछि सम्वन्धित चिकित्सक समक्ष पेश गरी शव परीक्षण प्रतिवेदनमा मृत्युको कारण खुलाउन लगाई वा छुट्टै प्रतिवेदन लिई मिसिलमा समावेश गर्न आवश्यक देखिएको छ। साथै शव परिक्षण, घा जाँच केश फाराम तथा यस्तै प्रकृतिका चिकित्सकीय प्रतिवेदनमा उल्लिखित हस्तलिखित शब्द तथा वाक्यांशमा प्रयुक्त अक्षर नवुझिने र त्यसको अर्थ समेत उल्लेख हुने गरेको नपाइँदा अनुसन्धान अभियोजन र प्रतिरक्षामा समेत कठिनाई हुन गएको हुँदा अँग्रेजी र नेपाली भाषामा कम्प्युटर टाइप गरी वा सो संभव नभएमा स्पष्ट र वुझिने गरी खुलाउन भनी सम्वन्धित अस्पतालमा लेखी पठाउने, सम्वन्धित अनुसन्धान अधिकारीले सो सम्वन्धमा आवश्यक समन्वय गर्ने। साथै, सम्वन्धित सरकारी बकीलले समेत प्राप्त मिसिलमा सो अनुसार भए नभएको हेरी आवश्यक व्यवस्था मिलाउने भनी लेखी पठाउने।

५) प्रस्ताव नं ५ का सम्बन्धमा छलफल गर्दा मुलुकी अपराध संहिता, २०७४ को दफा ४८ तथा अपराध पीडित संरक्षण ऐन, २०७५ को दफा २९, दफा ३१ को खण्ड (छ) बमोजिम कसूर पीडितलाई उपचार वा क्षतिपूर्ति वा राहतको आवश्यकता भएका मुद्दामा सो वापत अनुसन्धान प्रतिवेदन तथा अभियोग पत्रमा मागदावी लिने गरेको नदेखिँदा आवश्यक मुद्दाहरुमा पीडितलाई उपचार तथा अन्तरिम राहत उपलब्ध गराउन अनुसन्धान प्रतिवेदनमा उल्लेख गरी सम्वन्धित सरकारी वकील कार्यालयले समेत सो अनुसार उपचार तथा अन्तरिम राहत उपलब्ध गराई पाउन मागदावी लिई अभियोजन गर्न लेखी पठाउने ।

६) प्रस्ताव नं ६ का सम्बन्धमा अपराध पीडित संरक्षण ऐन, २०७५ को दफा २५ मा भएको पीडितले कसूरको कारणले आफूलाई प्रत्यक्ष रूपमा परेको क्षति वा प्रभावको सम्बन्धमा पीडित प्रभाव प्रतिवेदन पेश गर्न सक्ने र पीडित नावालिग वा कानूनी रूपमा संरक्षकत्व चाहिने व्यक्ति भएको वा अन्य कुनै कारणले आफैले पीडित प्रभाव प्रतिवेदन पेश गर्न नसक्ने भएमा निजका अभिभावक, संरक्षक वा कानून बमोजिमको प्रतिनिधिले अभियोग पत्र दायर गर्नु भन्दा अगाडि वा कावु वाहिरको परिस्थिति भएमा अभियोगपत्र दायर भएको मितिले एक महिनाभित्र अभियोग पत्र दायर गर्ने अधिकारी समक्ष प्रतिवेदन दिन सकिने कानूनी व्यवस्था छ। सो कानूनी व्यवस्थाको कार्यान्वयन हुनुपर्ने हुँदा उल्लिखित कानूनी व्यवस्थाको कार्यान्वयनको लागि सम्वन्धित अनुसन्धान अधिकारीमार्फत् पीडित प्रभाव प्रतिवेदन तयार गर्न लगाई सरकारी वकीलले मुद्दा हेर्ने अधिकारी समक्ष पेश गरी मिसिल संलग्न गर्ने आवश्यक व्यवस्था मिलाउन लेखी पठाउने।

सह-न्यायाधिवक्ता